# राष्ट्रिय वाणिज्य बैंक लि.को कर्जा चुक्ता गर्न आव्हान गरिएको र कर्जा चुक्ता नगरेमा धितो रहेको सम्पत्ति लिलाम बिक्री गर्न शिलबन्दी बोलपत्र आव्हान गरिएको ३५ दिने सूचना ।

(दोश्रो पटक सुचना प्रकाशित मिति २०७९।०४।१६)

यस बैंकको शाखा कार्यालय कोटिहवाबाट निम्न उल्लेख भए बमोजिम कर्जा लिने ग्राहकले म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तर-ताकेता गर्दा समेत कर्जा चुक्ता नभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क गरी सम्पूर्ण सांवा तथा कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याज र अन्य दस्तुर समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ग्राहक र धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सुचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेका धितो सम्पत्ति बैंकको अनुकुल समयमा बैंक आफैले सकार गरिलिन सक्ने वा ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गर्न सकिने ब्यहोरा समेत जानकारी गराइन्छ ।

यो सूचना बमोजिम ३५ दिनभित्र चुक्ता नभएका कर्जाको बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिनदेखि ५० औं दिनभित्र शाखा कार्यालय कोटिहवामा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आब्हान गरिन्छ । प्राप्त बोलपत्रहरु, बोलपत्र प्राप्त भएको कार्यालयमा ५१ औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको २:०० बजे खोलिने हुंदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले वोलपत्र खोल्न बाधा पुग्ने छैन ।

**शाखा कार्यालय कोटिहवा, रुपन्देही ।**

| कर्जा शिर्षक र नम्बर | ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण | न्युनतम मुल्य |
|---|---|---|---|
| हाइपोथिकेसन ३३९०१०००००१०३०४३<br>वित्तिय जमानत ३३९०१०००००००२३०९<br>३३९०१०००००००३३०९ | **बिराट इन्टरनेशनल ग्रुप प्रा.लि.**<br>रजिष्टर्ड कार्यालय : सिद्धार्थनगर न.पा.३, रुपन्देही ।<br>(दर्ता नं.१३८०९८/०७२/०७३ कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौं)<br><u>संस्थापक शेयरधनी :</u><br>सुनिल कुमार पुन<br>ठेगाना : सिद्धार्थनगर न.पा.२, रुपन्देही ।<br>बाबु : दर्शन कुमार पुन<br>बाजे : गोरे पुन | गोरे पुनको बुहारी, दर्शन कुमार पुनको पत्नी देव कली पुनको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेस्ता रहेको सिद्धार्थनगर २क स्थित कि.नं.१२४७, १२४८ र १२५० क्षेत्रफल क्रमश: ०-८-०.५-० (२७१७.५८ ब.मि.), ०-०-१५-० (२५३.९४ ब.मि.) र ०-०-१५-० (२५३.९४ ब.मि.) जग्गा र सोमा बनेको टहरा तथा लिगलगापात समेत । | **रु.१,८७,६०,०००।-**<br>(अक्षरेपी एक करोड सतासी लाख साठी हजार मात्र) |
| | | दर्शन कुमार पुनको बुहारी, सुनिल कुमार पुनको पत्नी सुस्मा गुरुङ्गको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेस्ता रहेको सिद्धार्थनगर २घ स्थित कि.नं.२६६ क्षेत्रफल ०-२-११-० (८६३.३९ ब.मि.) जग्गा । | **रु.८२,८०,०००।-**<br>(अक्षरेपी बयासी लाख असी हजार मात्र) |
| | | गोरे पुनको नाती, दर्शन कुमार पुनको छोरा सुनिल कुमार पुनको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेस्ता रहेको धकधई ७क स्थित कि.नं.७३४ र ७३६ क्षेत्रफल क्रमश: ०-०-१०.५०-० (१७७.७९ ब.मि.) र ०-०-१२.५०-० (२११.६५ ब.मि.) जग्गा र सोमा बनेको घर तथा लिगलगापात समेत । | **रु.१२,४०,०००।-**<br>(अक्षरेपी बाह्र लाख चालीस हजार मात्र) |

<u>शर्तहरु :</u>

१) बोलपत्र फाराम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु.१,०००।- (अक्षरेपि एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । फोटोकपि गरिएको फाराम मान्य हुने छैन ।

२) बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको बिवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ, साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नुपर्नेछ ।

३) बोलपत्र खाम बाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नुपर्नेछ ।

४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको प्रतिलिपी तथा फर्म/कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी बोलपत्रको साथमा नै पेश गर्नु पर्नेछ ।

५) बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तिमा १० प्रतिशतले हुने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयमा हिसाब मिलान हुन बांकी कर्जा असुली हिसावमा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा शाखा कार्यालय कोटिहवाको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैंकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकबाट जारी भएको सुरक्षणपत्र वा Good for Payment Cheque/Managers Cheque अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय कोटिहवामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था वा परिमाणमा स्वीकार गर्नु पर्नेछ ।

७) न्युनतम मुल्य भन्दा कम रकम उल्लेख गरी पेश भएका बोलपत्रहरु स्वत: रद्द हुनेछन् ।

८) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पुर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत: जफत हुनेछ ।

९) बोलपत्र दाखिला भईसके पछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म धरौटी रकम फिर्ता दिइने छैन ।

१०) रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।

११) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

१२) बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

१३) एक व्यक्ति वा एकै परिवारबाट वा मिलोमतोबाट दुई वा दुईभन्दा बढी बोलपत्र पेश गरेमा लिलाम कारवाही जुनसुकै चरणमा रहेपनि उक्त बोलपत्रहरु बदर हुनेछन् ।


**राष्ट्रिय वाणिज्य बैंक लि., केन्द्रीय कार्यालय**
कर्जा अनुगमन तथा असुली विभाग
फोन नम्वर : ०१-४२५२५९५, एक्सटेन्सन नम्वर २६२७